# पाठ - 10
# ईमान र त्यसको स्तम्भहरु

الدرس العاشر - نيبالي
الإيمان وأركانه

**ईमान** : यो गवाही कर्तव्य र आस्थाको नाम हो, गवाहीको अर्थ यो हो कि कलिमए तौहीद लाइलाह इल्लल्लाह लाई जिभ्रोले भन्नु अनि अल्लाहको स्मरण र महीमाको बखान गर्नु र क्षमायाचना गर्नु आदि ।
कर्मको अर्थ हो कि उपासनाको हरेक प्रकार जुन अल्लाह तआलाले बताउनु भएको छ जस्तै नमाज, जकात (धर्मदान) रोजा (ब्रत) हज इत्यादि त्यसलाई आफ्नो शरीरले गर्नु यस्तै त्यो सबै नराम्रा आस्था र कर्महरु लाई छाडिदिनु जुनकुराहरु बाट अल्लाहले मनाही गर्नु भएको छ आस्थाको अर्थ यो हो कि हृदयमा विशवास राख्नु कि अल्लाह बाहेक अरु कोही पनि सत्य पूज्य छैन र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहको सन्देष्टा हुनु हुन्छ, ।
**ईमानको स्तम्भहरु** : कुरआन र हदीस द्वारा यो कुरा प्रमाणित हुन्छ कि ईमानका छ वटा भागहरु छन्, र त्यो हुन अल्लाह प्रति ईमान, मलाएका (देवदुत) प्रति ईमान, ईश्वरीय ग्रन्थहरु प्रति ईमान, सन्देष्टाहरु प्रति ईमान, प्रलोक प्रति ईमान, र राम्रो र नराम्रो भाग्य प्रति ईमान, जस्तो कि अल्लाह तआलाले भन्नु भएको छ :

*آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ كُلٌّ آمَنَ بِاللهِّ وَمَلَائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لَا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ* البقرة: ٢٨٥

अर्थात : रसूलले त्यो कुरामा ईमान ल्याउनु भयो जुन उनीमाथि अल्लाहको तर्फबाट अवतरित भयो र मोमिनहरुले पनि ईमान ल्याए, यिनीहरु सबै अल्लाह र उसको दुत ( फरिश्ता) उसका किताब, र उसका सन्देष्टाहरु माथि ईमान ल्याउनु भयो, हामी उसको सन्देष्टाहरु मध्ये कसैको बीच भेदभावको व्यवहार गर्दैनौं, र उनीहरुले भने कि हामीले सुन्यौं र आज्ञपलन गर्यौं हे हाम्रो पालनकर्ता, हामीले क्षमाको लागि प्रार्थना गर्दछौं, र तपाई छेउ नै फर्केर जानु छ ।
सही मुस्लिममा हदीस छ ऊमर बिन खत्ताबको वृत्तांत हो कि जिब्रिल عليه السلام ले मुहम्मद ﷺ संग ईमानको बारेमा सोध्नु भयो त मुहम्मद ﷺ ले भन्नु भयो

*أَنْ تُؤْمِنَ بِاللهِ، وَمَلَائِكَتِهِ، وَكُتُبِهِ، وَرُسُلِهِ، وَالْيَوْمِ الْآخِرِ، وَتُؤْمِنَ بِالْقَدَرِ خَيْرِهِ وَشَرِّهِ*

«ईमानको परिभाषा यो हो कि तिमी अल्लाह, देवदुत, ईश्वरीय ग्रन्थ, सन्देष्टा, प्रलोक, र राम्रो वा नराम्रो भाग्य प्रति ईमान र विश्वास राख» (मुस्लिम-८)
तसर्थ यो ६ वटा कुराहरु इस्लामी सही आस्थाको मूल आधार हुन जसको बयान पवित्र ग्रन्थ कुरआन्मा भएको छ र मुहम्मद ﷺ ले पनि त्यही लिएर आउनु भएको छ र त्यसैलाई *ईमानको स्तम्भ* भनिन्छ ।